## मिति २०८२ जेठ २० गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ४२ औं बैठकका निर्णयहरु

### निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४१ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

### निर्णय नं. २

मन्थली नगरपालिकाको आगामी आ.व. २०८२/८३ को प्रस्तावित नीति कार्यक्रम र वजेट माथि व्यापक छलफल गरियो । छलफलमा उठेका नीति र कार्यक्रम आगामी आ.व. २०८२/८३ को वजेटमा समेट्न वजेट तर्जुमा समितिमा सिफारिस गर्ने ।

### निर्णय नं. ३

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर र वडा घोषणा गर्ने तयारीका लागि हालसम्म सम्पादन गरिएका कार्यहरुको जिल्ला स्तरीय अनुगमन समितिले अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा जिल्ला समन्वय समिति रामेछापले मन्थली नगरपालिकाका सबै वडा तथा मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको लागि अनुमति प्रदान गरेकोमा जिल्ला स्तरीय अनुगमन समिति एवं जिल्ला समन्वय समिति रामेछापलाई धन्यवाद प्रदान गर्दै वालमैत्री स्थानीय शासनयुक्त वडा एवं नगरको दिगोपनाका लागि आगामी आर्थिक वर्षका कार्यक्रमहरु छनौट र कार्यान्वयनमा सवै पक्ष जिम्मेवार रहने । यही जेठ २८ गते बुधवार मन्थली नगरपालिकाका सबै वडामा छुट्टाछुट्टै समारोह गरी वालमैत्री वडा घोषणा गर्ने ।

### निर्णय नं. ४

मन्थली नगरपालिकाका सबै १४ वटा नै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने दिन जेठ २८ गते निःशुल्क तथा अनिवार्य शिक्षा घोपणा कार्यक्रम पनि गर्ने र निःशुल्क तथा अनिवार्य शिक्षा घोषणा र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समारोहका लागि अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमबाट प्रति वडा रु ५००००।– का दरले १४ वडामा रु ७०००००।- र वालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्यक्रमबाट प्रतिवडा रु ५००००।– का दरले रु ७०००००।- र अन्य बालबालिका तथा बालमैत्री कार्यक्रमसँग मिल्दोजुल्दो कार्यक्रमबाट प्रतिवडा रु ५००००।– का दरले रु ७०००००।– सहित वडा घोषणा समारोहलाई जम्मा रु २१०००००।– रकम समारोह व्यवस्थापनमा खर्च हुने गरी प्रति वडा रु १,५०,०००।- वजेट उपलब्ध गराउने ।

२०८२/०२/२९

**निर्णय नं. ५**

मन्थली नगरपालिकाका सबै वडाहरु बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न जिल्ला समन्वय समितिबाट अनुमति प्राप्त भई सकेको, यस नगरपालिकाका सबै वडा यही जेठ २८ गते एकसाथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने कार्यक्रम तय भई सो को सम्पूर्ण तयारी समेत भईसकेको र मन्थली नगरपालिकालाई यही असार १४ गते वालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने तयारी समेत भईसकेकाले मन्थली नगरपालिकालाई स्थानीय शासनयुक्त नगर घोषणाका लागि अनुगमन गरी अनुमति प्रदान गर्न वागमती प्रदेश सरकारमा अनुरोध गर्ने ।

**निर्णय नं. ६**

वालमैत्री स्थानीय शासनयुक्त नगरको दिगोपनाका लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग पुर्याउन वागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय नं. ७**

वडा शिलिङ्गका लागि प्राप्त वजेटको प्राथमिक क्रम निर्धारण गर्दा वालमैत्री स्थानीय शासनयुक्त वडाको दिगोपनाका लागि आवश्यक रकम पहिलो प्राथमिकतामा र क्रमशः शिक्षा, स्वास्थ्य र स्वरोजगारका कार्यक्रमलाई प्राथमिकतामा राखी विनियोजन गरेपछि मात्र बाँकि रकम अन्य आयोजनाहरुमा विनियोजन गर्ने ।

**निर्णय नं. ८**

मन्थली नगरपालिका वडा नं. १ स्थित वसपार्कमा रहेको सार्वजनिक शौचालय सञ्चालनका लागि सम्बन्धित क्षेत्रको टोल विकास संस्थासँग समन्वय गरी आवश्यक निर्णय लिन सम्बन्धित शाखालाई निर्देशन दिने ।

**निर्णय नं. ९**

छनौट र जग्गा प्राप्तीको कार्य हालसम्म नटुङ्गिएका कारण मन्थली नगरपालिका वडा नं. ६ र १२ को भवन निर्माणको कार्य शुरु हुन नसकेकाले यथाशक्य छिटो भवन निर्माणस्थल चयन र जग्गा प्राप्तीको कार्य गर्न सम्बन्धित वडालाई निर्देशन दिने ।

**निर्णय नं. १०**

मन्थली नगरपालिकाको नगरस्तरीय अनुगमन समितिबाट वैठकमा पेश भएको अनुगमन प्रतिवेदन पारित गर्ने ।

२०८२/०२/२१

मन्थली नगरपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ११**

मन्थली नगरपालिकाका वन क्षेत्रमा पाइने वन्यजन्तुको चिनारी दिई पर्यटन प्रवर्धनका लागि वन्यजन्तु पाइने स्थानहरुमा सबैले देख्ने गरी वन्यजन्तुको नाम र विशेषता सहितको होडिङ्ग बोर्डको व्यवस्था गर्ने ।

**निर्णय नं. १२**

नेपाल विद्युत प्राधिकरणको आर्थिक सहयोगमा वडा नं. १३ मा सञ्चालन हुने योजना सञ्चालनका प्रक्रिया अगाडि वढाउने ।

**निर्णय नं. १३**

व्यक्तिको नाममा रही सम्बन्धित धार्मिक संस्था लगायतका संस्थाहरुलाई निःशुल्क रुपमा जग्गा उपलब्ध गराउन लिखित मञ्जुरी तथा सहमति प्रदान गरिएका सम्पूर्ण धार्मिक संस्थाहरुका जग्गा आफ्नो नाममा प्राप्ती गर्न यथाशिघ्र प्रक्रिया अगाडि वढाउने । आगामी दिनहरुमा व्यक्तिको नाममा रही त्यस्ता संस्थाहरुलाई जग्गा उपलब्ध गराउन चाहने जग्गा धनीको जग्गा सम्बन्धित धार्मिक सस्था लगायतका संस्थाको नाममा प्राप्ती भएपछि मात्र भवन लगायतका संरचना निर्माणका योजनामा रकम विनियोजन तथा सो बमोजिम योजनाको सम्झौता गर्न निर्देश गर्ने ।

यसअघि जग्गा प्राप्तीको प्रक्रियामा रहेका धार्मिक संस्थाहरु लगायतका संस्थाहरुको भवन लगायतका संरचना निर्माणमा भएका खर्च अनुमोदन गरी कार्य सम्पन्न भई भुक्तानी बाँकि रहेका त्यस्ता योजनाको प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानीका लागि कार्यालयलाई निर्देश गर्ने ।

**निर्णय नं. १४**

मन्थली नगरपालिकासँग सिमाना जोडिएका रामेछाप, खाँडादेवी र लिखु तामाकोशी गाँउपालिकाले साझेदारी लगानीमा आयोजना सञ्चालन गर्न आवश्यक वजेट व्यवस्थापन गर्ने ।

**निर्णय नं. १५**

पूर्वाधार विकास कार्यालयले मनपा १ सानीमदौमा नयाँ भवन निर्माण गरी कार्यालयको कामकाज समेत सोही भवनबाट सम्पादन हुन थालेको, मन्थली नगरपालिकाको आफ्नो प्रशासकीय भवनमा पर्याप्त कोठा नभएको र पार्किङ्गका लागि समेत जग्गा नभएकाले यस अघि पूर्वाधार विकास कार्यालयले प्रयोग गर्दै आएको नगरपालिकासँगै जोडिएको भवन नगरपालिकालाई उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

२०८२/०२/२९

रवीन्द्र सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. १६**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम मन्थली नगरपालिका र अन्तर्गतका निकायहरुमा कार्यरत रही सञ्चित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तिभरण पाउने वाहेक) कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. १७**

वैठकमा पेश भएको मन्थली नगरपालिकाबाट चालु आ.व. को हालसम्म भएका आम्दानी, कार्यक्रम तथा खर्च अनुमोदन गर्ने ।

**निर्णय नं. १८**

मन्थली नगरपालिकाको आगामी वजेट अधिवेशनको देहाय बमोजिमको कार्यतालिका पारित गर्ने ।

| क्र स | क्रियाकलापहरु | मिति | जिम्मेवारी |
|---|---|---|---|
| १ | सरोकारवालाहरुसँग वजेट तर्जुमा सम्वन्धी छलफल | २०८२/०२/१५ भित्र (सम्पनन भईसकेको) | योजना अधिकृत |
| २ | विषयगत महाशाखा/ शाखावाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण | २०८२/०२/१८ भित्र (सम्पन्न भईसकेको) | सम्वन्धित शाखाहरु |
| ३ | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा संकेतीकरण | २०८२/०२/२५ भित्र | विषयगत समितिका सदस्य सचिवहरु |
| ४ | वजेट (राजश्व व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक कार्यक्रमको प्रस्ताव तयार गर्ने | २०८२/०२/३१ भित्र | वजेट तथा कार्यक्रम तर्जमा समिति |
| ५ | गै स स तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | २०८२/०३/५ भित्र | वजेट तथा कार्यक्रम तर्जमा समिति |
| ६ | आर्थिक विधेयकको मस्यौदा तयारी गरी पेश गर्ने | २०८२/०३/५ भित्र | वजेट तथा कार्यक्रम तर्जमा समिति |
| ७ | विनियोजन विद्येकको मस्यौदा तयार गरी पेश गर्ने | २०८२/०३/५ भित्र | वजेट तथा कार्यक्रम तर्जमा समिति |
| ८ | वजेट ( राजश्व व्यय र वित्तीय व्यवस्थाको अनुमान ), वार्षिक विकास कार्यक्रम, आर्थिक एवं विनियोजन विद्येक स्वीकृत र सभामा पेस | २०८२/०३/७ | कार्यपालिका |
| ९ | वजेट ( राजश्व व्यय र वित्तीय व्यवस्थाको अनुमान ), वार्षिक विकास कार्यक्रम, आर्थिक एवं विनियोजन विद्येक सभामा पेस | २०८२/०३/९ | कार्यपालिका |
| १० | वजेट ( राजश्व व्यय र वित्तीय व्यवस्थाको अनुमान ), वार्षिक विकास कार्यक्रम, आर्थिक एवं विनियोजन विद्येयक स्वीकृत | २०८२/०३/ १८ | नगर सभा |
| ११ | वजेट पुस्तिका तथा छपाई गर्ने | २०८२/०३/३२ भित्र | योजना शाखा |

२०८२/०२/२१

रवीन्द्र सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner